निर्वाचन आयोग

**प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

संवत् २०७४ साल मङ्सिर १० गते आइतबार र ऐ.२१ गते बिहीबारका दिन सम्पन्न हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्यको निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिन चाहने राजनीतिक दलहरूमध्ये प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि यस आयोगमा दर्ता भएका राजनीतिक दलहरूलाई निवेदन पेश गर्न अनुरोध गरिन्छ ।

निवेदन पेश गर्दा प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि मात्र भाग लिने हो वा प्रदेश सभा सदस्यको निर्वाचनका लागि भाग लिने हो वा प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचन दुवैतर्फ भाग लिने हो स्पष्ट रूपमा खुलाउनु पर्नेछ । प्रदेश सभा सदस्यको निर्वाचनतर्फ सबै प्रदेशमा भाग लिने वा कुनै खास खास प्रदेशमा मात्र भाग लिने हो सो समेत स्पष्ट रूपमा खुलाई देहायको ढाँचामा सम्बन्धित राजनीतिक दलको प्रमुख पदाधिकारीको हस्ताक्षर गरी निर्वाचन आयोगको समानुपातिक एकाईमा मिति २०७४ साल भदौ २५ गतेदेखि भदौ २७ गतेसम्म निवेदन दर्ता गर्नु हुन सम्बन्धित सबै राजनीतिक दलहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र निवेदन पेश नगर्ने राजनीतिक दलले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन नपाउने व्यहोरा समेत जानकारी गराइएको छ ।

## निवेदनमा खुलाउनुपर्ने ढाँचा

| राजनीतिक दलको नाम | प्रतिनिधि सभा सदस्य निर्वाचनमा भाग लिने वा नलिने | प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिने वा नलिने, यदि भाग लिने भए कुन कुन प्रदेशमा भाग लिने हो सम्बन्धित प्रदेश नम्बर उल्लेख गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |